# अपिहिमाल गाँउपालिका स्थानीय शिक्षा ऐन २०७६
## (पहिलो संशोधन २०७७)

| सभावाट स्वीकृत मिति :- | २०७८/०३/१० |
|---|---|

अपिहिमाल गाउँपालिका
दार्चुला जिल्ला
सुदुरपश्चिम प्रदेश

प्रमाणित

# अपिहिमाल गाँउपालिका स्थानीय शिक्षा ऐन २०७७

प्रस्तावना :

नागरिकहरुको सदाचार, नैतिकता, बौद्धिकता, सहिष्णुता र मानवियताको बिकास गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गरी मुलुकको समृद्धी र जनहितका लागि प्रतिस्पर्धी जनशक्ति तयार गर्न गुणस्तरीय शिक्षा प्रदान गर्न अपिहिमाल गाँउपालिका क्षेत्रभित्र स्थापना भई संचालन भईरहेका र स्थापना हुने विद्यालयहरु तथा शैक्षिक निकायहरुको व्यबस्थापन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६, अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम अपिहिमाल गाँउपालिका, गाँउसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "अपिहिमाल गाँउपालिका स्थानीय शिक्षा ऐन २०७६" "पहिलो संशोधन २०७७" रहेको छ ।

(२) यो ऐन अपिहिमाल गाँउपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो ऐन अपिहिमाल गाँउपालिका गाँउसभाबाट पारित भई राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

२. परिभाषा :

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले अपिहिमाल गाँउपालिका शिक्षा ऐनलाई सम्झनुपर्दछ ।

(ख) " गाँउपालिका" भन्नाले अपिहिमाल गाँउपालिकालाई सम्झनुपर्दछ ।

(ग) "कोष" भन्नाले दफा २५ बमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) "गाउँ सभा" भन्नाले अपिहिमाल गाउँपालिकाको गाँउ सभालाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) " गाउँकार्यपालिका" भन्नाले अपिहिमाल गाउँकार्यपालिका सम्झनु पर्छ ।

(छ) "आधारभूत शिक्षा"भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ज) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(झ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

(ञ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान , सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(ट) "सामुदायिक वि द्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ठ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी स्थापना भई अनुमति वा स्विकृत प्राप्त विद्यालय समझनुपर्छ ।

(ड) "व्यवस्थापन समिति" भन्नाले दफा १९ र ३८ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ढ) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(ण) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा इकाईलाई समझनुपर्छ ।

(त) "शैक्षिक गुठी' भन्नाले विद्यालय सञ्चालन गर्नको लागि नाफा नलिने उदेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(थ) "अनुमती" भन्नाले दफा ८ र १० अनुसार विद्यालय तथा अन्य शैक्षिक संस्था संचालन अनुमती सम्झनु पर्दछ ।

(द) "समावेशी शिक्षा" भन्नाले दफा ६ अनुसारको शिक्षा सम्झनु पर्दछ ।

(ध) "विशेश शिक्षा"भन्नाले दफा ६ अनुसारको शिक्षा सम्झनु पर्दछ ।

(न) "अनौपचारीक शिक्षा" भन्नाले दफा ६ अनुसारको शिक्षा सम्झनु पर्दछ ।

(प) "दुर शिक्षा तथा खुला शिक्षा" भन्नाले दफा ६ अनुसारको शिक्षा सम्झनु पर्दछ ।

## परिच्छेद २

## शिक्षाको प्रकार, विद्यालयको बर्गीकरण, अनुमति, स्वीकृति, खारेजी ,समायोजन वा गाभ्ने तथा नियमन गर्ने

**३. विद्यालय शिक्षाको तह :** विद्यालय शिक्षाको तह २ प्रकारको हुनेछ ।

(क) माध्यमिक तह : कक्षा ९ देखी १२ सम्म अध्ययन अध्यापन हुने,

(ख) आधारभुत तह : कक्षा ८ सम्म अध्ययन अध्यापन हुने, आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक शिक्षा कक्षा ३ सम्मको प्राथमिक शिक्षा र बालबिकास केन्द्र , मन्टेश्वरी, किन्डर गार्डेनहरु रहने छन ।

**४. माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक शिक्षाको प्रकार देहाय बमोजिम हुनेछन् ।

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा ।

**५. शिक्षाको माध्यम :**

१. विद्यालय शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

२. उप दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत तह सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) भाषा विषयको अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुल्ला शिक्षा संचालन सम्बन्धी व्यवस्था :**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुल्ला शिक्षा संचालन सम्बन्धी व्यवस्था गर्न सक्नेछ ।

**७. विद्यालयको वर्गीकरण :**

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

**८. विद्यालय संचालन गर्न अनुमती लिनु पर्ने :**

(१) विद्यालय संचालन गर्न तोकिएको विवरण खुलाई गाउँपालिकामा तोकिएको अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँपालिकाले आवश्यक जाँचबुझ गर्नेछ । जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमती दिन मनासिब देखिएमा तोकिएको सर्तहरु पालना गर्ने गरी वडा शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले अनुमती दिई संचालनको स्विकृति प्रदान गर्नेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा संचालन गरेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अर्न्तगत विद्यालय संचालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएका भएतापनि देहायका शैक्षिक गुठीका रुपमा संचालन गर्न अनुमती वा स्विकृति दिईने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा संचालन भएका विद्यालय

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई संचालन भएका विद्यालय

(५) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अर्न्तगत संचालन हुने विद्यालयहरुले देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) शैक्षिक गुठी संचालन गर्ने गुठी संचालक संगठीत संस्थाको रुपमा हुनु पर्ने ।

(ख) शैक्षिक गुठी संचालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा सात जना र निजि गुठी भए कम्तीमा पाँच जना सदस्य हुनु पर्नेछ ।

(ग) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिएकमोजिम खडा गरी मान्यता प्राप्त लेखा परिक्षकबाट लेखापरिक्षण गराउनु पर्नेछ ।

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका दृष्टीले आफ्नो जिवनकालमै वा शेष पछी गुठीयारको रुपमा काम गर्ने उत्तराधिकारी तोक्न सक्ने छ। तर सार्वजनिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्विकृती लिनु पर्नेछ।

(६) कुनै सामाजिक परोपकारी संस्थाले मुनाफा नलिने उदेश्यले विद्यालय संचालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृती लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्न सक्नेछन्।

(७) उपदफा (६) अन्तर्गत संचालित विद्यालयले पालना गर्नु पर्ने सर्तहरु तोकिएबमोजिम हुनेछ।

(८) उपदफा (५), (६) बमोजिम शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयहरु नियमानुसार तोकिएको प्रकृया पुरा गरी सामुदायीकरण गर्न सकिनेछ।

(९) विद्यालय संचालन तोकिए बमोजिम हुनेछ।

(१०) धरौटी राख्नु पर्ने : (क) संस्थागत, सामुदायिक विद्यालय खोल्दा विद्यालय संचालनको संरक्षण बापत तोकिए बमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्नेछ।

(ख) उपदफा (१०) "क" बमोजिमको धरौटी बापतको रकम विद्यालयको नाममा तोकिए बमोजिमका पदाधिकारीहरुको संयुक्त दस्तखतबाट संचालन हुने गरी धरौटी खाता खोली जम्मा गर्नु पर्नेछ।

(११) सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्ने :गाउँपालिकाले समुदायमा साक्षरता, सीप बिकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र संचालन गर्न सक्नेछ। यस्तो केन्द्रमा पुस्तकालय र वाचनालय समेत संचालन गरिनेछ।

**९. अनुमती वा स्वीकृति रद्द गर्न सकिने :**

कुनै शैक्षिक संस्था वा विद्यालयले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम विपरित कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमती वा स्वीकृती रद्द गर्न सक्नेछ। तर अनुमती वा स्वीकृती रद्द गर्नु अघि सम्बन्धीत विद्यालयलाई आफ्नो सफाई पेस गर्ने मौका दिईने छ। खारेजी उपर चित्त नबुझेमा न्यायिक समिति समक्ष उजुरी लाग्नेछ।

**१०. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष संचालन गर्ने :**

(१) कसैले पनि गाउँपालिकाको अनुमती नलिएर कुनै पनि शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, कोचिङ सेन्टर, ट्युसन सेन्टर, भाषा शिक्षण, पूर्व तयारी कक्षा, वा बिदेशी मुलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम संचालन गर्न अनुमती दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**११.गाउँपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

(१) गाउँपालिकाले हाल संचालनमा रहेका विद्यालयहरुलाई दुरी, विद्यार्थी संख्या, गुणस्तरीयता, संचालन क्षमताको आधारमा गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यकता भएको क्षेत्रमा खोल्न वा कक्षा थप घट गरी संचालन गर्न

अनुमती वा स्वीकृति दिन सम्बन्धीत वडा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले निर्णय गर्न सक्नेछ ।

(२) कुनै विद्यालयको नाम परिवर्तन गर्न परेमा सम्बन्धीत विद्यालय व्यवस्थापन समितिको निर्णय, वडा कार्यालयको सिफारिस तथा गाउँ शिक्षा समितिको राय सहित गाउँकार्यपालिकामा पेश भएमा गाउँकार्यपालिकाको निर्णयबाट विद्यालयको नाम परिवर्तन गर्न सकिनेछ ।

(३) विद्यालयको नाम राख्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाईने छैन । कसैले व्यक्तिको नाममा विद्यालयको नाम राख्न चाहेमा माध्यमिक तहको हकमा एक करोड र आधारभूत तहको हकमा पचास लाख रुपैया प्रदान गरेमा नामाकरण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम गाभिएका वा बन्द भएको विद्यालयको सम्पत्ति सम्बन्धमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तक र परीक्षा संचालन :

**१२. विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तक :** विद्यालयले नेपाल सरकारले तोकेको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु लागु गरी पठन पाठन गराउनु पर्नेछ । गाउँपालिकाले नेपाल सरकार तथा प्रदेश सरकारको मापदण्ड भित्र रहेर स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकहरु लागु गर्न सक्नेछ । सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गरी पाठ्यक्रम विकास गर्न सक्नेछ । पाठ्यक्रम विकास सम्बन्धी प्रकृया तोकिए बमोजिम हुनेछ ।

**१३. परीक्षा संचालन :**

(१) आधारभूत तहको अन्तिम परीक्षा संचालन गाउँपालिकाले गर्नेछ । कक्षा दश र कक्षा बाह्रको परीक्षा प्रदेश सरकार तथा नेपाल सरकारले तोकेको बमोजिम हुनेछ ।

(२) परीक्षा संचालन, अनुगमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ४

## गाउँ शिक्षा समिति तथा वडा शिक्षा समिति, शिक्षक छनौट समिति, अनुगमन समिति र गाउँ शिक्षा प्रमुख सम्बन्धी व्यवस्था

**१४. गाउँ शिक्षा समिति :**

(१) गाउँपालिका क्षेत्रभित्र संचालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाउँपालिका प्रमुख वा प्रमुखले काम गर्न तोकिएको व्यक्ति – अध्यक्ष

(ख) गाउँकार्यपालिकाले कार्यपालिका सदस्य मध्ये १ महिला सहित २ जना – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको १ जना – सदस्य

(ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको १ जना – सदस्य

(च) समाजसेवी तथा शिक्षाप्रेमीहरु मध्येबाट १ जना महिला,दलित वा अल्पसंख्यक पर्ने गरी गाउँकार्यपालिकाले मनोनित २ जना – सदस्य

(छ) शिक्षक महासंघको गाउँपालिका अध्यक्ष वा प्रतिनिधि १ जना – सदस्य

(ज) वडा शिक्षा समिति मध्येबाट गाउँ शिक्षा समितिले मनोनित १ जना – सदस्य

(झ) गाउँ शिक्षा अधिकारी – सदस्य सचिव

(२) समितिको सदस्य सचिव बाहेक मनोनित सदस्यहरुको पदावधि तीन बर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरुले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्दा मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ । यसरी हटाएकोमा चित्त नबुझेमा न्यायिक समितिमा उजुरी लाग्नेछ ।

**१५. गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार :**

(१) गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय संचालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई सिफारिस गर्ने ।

(ग) विद्यालयहरुका लागि आवश्यक आर्थिक अनुदान तथा श्रोतको खोजी गर्ने ।

(घ) गाउँपालिका भित्र संचालन हुने परीक्षालाई मर्यादित, व्यवस्थित र भयरहित बनाउने ।

(ङ) गाउँपालिका क्षेत्रभित्र निजि श्रोतमा संचालित सामुदायिक विद्यालयको शिक्षक दरबन्दी, सेवा, सर्त र सुविधा स्वीकृत गर्ने ।

(च) व्यवसायिक तथा सीपमुलक शिक्षाको कार्यान्वयन गर्ने गराउने तथा व्यवसायिक तथा सीपमुलक तालिमहरु संचालन गर्ने गराउने, प्राविधिक विद्यालयको कक्षा संचालन गराउने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक गराउने,सचेत गराउने ।

(ज) विद्यालयकालागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने ।

(झ) विद्यालय संग सम्बन्धित बिषयको सम्बोधन गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम गर्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

(ट) विद्यालयको सामाजिक परिक्षण गर्ने, गराउने ।

(ठ) शैक्षिक गुठी संग गर्ने सम्झौताका सर्तहरु निर्धारण गर्ने ।

(ड) विद्यालयहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने ।

(ढ) शिक्षण संस्थाहरु संग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड सजाय गर्ने गराउने ।

(ण) गाउँशिक्षा समितिले गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुमा स्वीकृत दरबन्दी वा अनुदानकोटा, राहतकोटा ,बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता, बिद्यालय कर्मचारी, गा.पा. शिक्षक राख्नु पर्ने भएमा शिक्षक छनौट समिति गठन गरी सो समितिले परीक्षा लिई छनौट भएका उम्मेदवारलाई योग्यताक्रम अनुसार करार सूची प्रकासन गर्नेछ ।

(त) सम्बन्धीत विद्यालयले योग्यताक्रम अनुसार रिक्त रहेको स्वीकृत दरबन्दी वा अनुदान(राहतकोटा) मा नियुक्ति गर्नु पर्नेछ ।

(थ) शिक्षक छनौट सम्बन्धी कार्यविधि गाउँकार्यपालिकाले निर्माण गरी लागु गर्ने छ ।

(द) शिक्षक छनौट गर्ने कार्यका लागि विशेषज्ञको सूची प्रकाशन गर्ने ।

(ध) अन्य तोकिएबमोजिमका कार्यहरु गर्ने ।

(२) शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

**१६. वडा शिक्षा समिति :**

(१) प्रत्येक वडाहरुमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

(क) सम्बन्धित वडाका वडा अध्यक्ष – संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले छनौट गरेको १ जना – सदस्य

(ग) वडाभित्र रहेका विद्यालयको प्राधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना – सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना – सदस्य

(ङ) सम्बन्धित वडाभित्रका शिक्षा प्रेमीहरु मध्येबाट वडा समितिले मनोनित गरेको १ जना महिला सहित २ जना – सदस्य

(च) सम्बन्धित वडामा कार्यरत वडा सचिव – सदस्य सचिव

(२) वडा समितिको काम कर्तव्य र अधिकार

वडा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आफ्नो वडा भित्रको शैक्षिक अभिबृद्धिका लागि योजना तर्जमा र समन्वय गर्ने ,

(ख) आफ्नो क्षेत्रभित्र संचालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित बनाउन सहयोग गर्ने ,

(ग) अभिभावक र शिक्षकहरु बीच विवाद भएमा त्यसको समाधान गर्ने,

(घ) वडा शिक्षा समितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्नेछ ।

**१७. शिक्षक छनौट समिति**

(१) गाउँशिक्षा समितिले गाउँपालिकाभित्र रहेका बिद्यालयहरुलाई स्वीकृत दरबन्दी वा अनुदानकोटा, राहतकोटा , बिद्यालय कर्मचारी र बालबिकास केन्द्रका सहयोगी कार्यकर्ता तथा गा.पा.करार शिक्षक राख्नु पर्ने भएमा देहाय बमोजिमको समिति गठन गरी समितिले परीक्षा संचालन गरी योग्यताक्रम अनुसार करार सूची प्रकाशन गर्नेछ ।

(क) गाउँ शिक्षा समितिको अध्यक्ष वा अध्यक्षले तोकेको गाउँ शिक्षा समितिको सदस्य - संयोजक

(ख) गाउँपालिकाले तोकेको विज्ञ सूची मध्ये बाट १ जना – सदस्य

(ग) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष १ जना – सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक – सदस्य

(ङ) शाखाको कर्मचारी – सदस्य सचिव

(२) उप दफा (१) बमोजिमको शिक्षक छनौट समितिको शिक्षक छनौट सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

*(३) उपदफा १ मा जुनसुकै कुरा लेखिएता पनि गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र शिक्षा क्षेत्र सुधारको लागि आवश्यक कार्यविधि बनाई गाउँपालिका शिक्षक छनौट गर्न सक्नेछ।

१८. शिक्षा अनुगमन समिति :

(१) गाउँपालिका भित्रको शिक्षण संस्था तथा शिक्षाको सबै पक्षहरुको अनुगमन गर्नको लागि देहाय बमोजिमको अनुगमन समिति गठन हुनेछ,

(क) गाउँपालिकाको शिक्षा हेर्ने कार्यपालिका सदस्य – संयोजक

(ख) सम्बन्धित वडा अध्यक्ष – सदस्य

(ग) गाउँपालिकाले अभिभावकहरु मध्येबाट तोकेको १ जना – सदस्य

(घ) शिक्षक महासंघको गाँउ समिति अध्यक्ष – सदस्य

(ङ) गाउँसभा सदस्य मध्येबाट गाउँकार्यपालिकाले तोकेको १ जना महिला सदस्य – सदस्य

(च) गाउँ शिक्षा अधिकारी – सदस्य सचिव

(२) अनुगमन समितिले अनुगमनको प्रतिवेदन गाउँ शिक्षा समिति समक्ष आवधिक रुपमा बुझाउनु पर्नेछ। अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१९. गाउँ शिक्षा अधिकारी :

(क) गाउँपालिकामा शिक्षा हेर्ने एक जना शिक्षा शाखा प्रमुखको रुपमा गाउँ शिक्षा अधिकारी हुनेछन्।

(ख) गाउँ शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ५

## विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

२०. विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक विद्यालयको संचालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिम सदस्य रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकहरुले आफु मध्येबाट छानी पठाएका २ जना महिला सहित ४ जना – सदस्य

(ख) विद्यालय रहेको वडा समितिको अध्यक्ष वा अध्यक्षले तोकेको सदस्य – सदस्य

(ग) विद्यालयका संस्थापक, शिक्षा प्रेमी, स्थानीय बुद्धीजीविहरु तथा विद्यालयलाई चन्दा रकम, दान सहयोग गरेको व्यक्तिहरु मध्येबाट गाउँ शिक्षा समितिले तोकेको १ जना – सदस्य

*नियम १७ को दफा ३ संशोधन गरिएको। (पहिलो संशोधन २०७७)

(घ) विद्यालयका शिक्षकहरु मध्येबाट आफूहरुले छनौट गरी पठाएको १ जना – सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

(२) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को (क),(ख) र (ग) बमोजिमका सदस्यहरुबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्मका लागि समितिको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा १ महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । कुनै कारणबस व्यवस्थापन समिति गठन हुन नसकेमा गाउँ शिक्षा समितिले व्यवस्थापन समिति गठन नभए सम्मका लागि अन्तरीम व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(५) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) संस्थागत विद्यालयहरुमा देहाय बमोजिम व्यवस्थापन समिति गठन हुनेछ ।

(क) विद्यालयको संस्थापक वा गुठीयार ट्रष्टिहरु मध्येबाट सम्बन्धीत विद्यालयको सिफारिसमा गाउँशिक्षा समितिबाट मनोनित व्यक्ति – अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट विद्यालयले मनोनित गरेको १ जना महिला सहित २ जना – सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी , समाजसेवीहरु मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको १ जना – सदस्य

(घ) सम्बन्धीत विद्यालयको शिक्षकहरु आफु मध्येबाट छानी पठाएको १ जना – सदस्य

(ङ) सम्बन्धीत वडा समितिले वडा समिति सदस्यहरु मध्येबाट मनोनित गरेको १जना – सदस्य

(च) गाउँ शिक्षा अधिकारी वा अधिकारीले तोकेको प्रा.स.– सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

(७) उपदफा (१),(२) र (३) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यहरुको पदावधी ३ बर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यहरुले आफ्नो पदीय आचरण पालना नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सकिने छ । तर त्यसरी पदबाट हटाउनु अघि वा विघटन गर्नु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन । गाउँशिक्षा समितिले गरेको कारवाही उपर न्यायिक समितिमा उजुर लाग्नेछ ।

(८) सामुदायिक विद्यालय व्यस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय संचालनको लागि प्राप्त साधन श्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने, रेखदेख लगाउने र सुरक्षा गर्ने ।

(ग) विद्यालयको शैक्षिक, भौतिक, तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने ।

(घ) विद्यालयको बार्षिक बजेट स्वीकृत गर्ने र गाउँपालिकालाई जानकारी गराउने ।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने ।

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने ।

(छ) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिस भएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने ।

(ज) गाउँपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारी भर्ना गर्ने ।

(झ) शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारहरुलाई योग्यताक्रमको आधारमा करार नियुक्ति दिई काममा लगाउने ।

(ञ) गाउँपालिका शिक्षा समितिले शिक्षक छनौट परीक्षाबाट छनौट भई करार सुचीको योग्यताको आधारमा करार नियुक्ति दिई काममा लगाउने ।

(ट) गाउँशिक्षा समितिले तोकेको लेखा परीक्षकबाट बार्षिक लेखापरीक्षण गराउने ।

(ठ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कार्वाही गर्ने र त्यसको प्रतिवेदन गाउँशिक्षा समितिमा पेश गर्ने ।

(ड) गाउँशिक्षा समितिले दिएको निर्देशन पालना गर्ने ।

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका वा बढुवा गरेका शिक्षक कर्मचारीका लागि सेवा, सर्त र सुविधा तोक्ने ।

(ण) शिक्षक तथा कर्मचारीहरुलाई तोकिए बमोजिम कार्वाही गर्ने ।

(९) विद्यालय व्यवस्थापन समितिको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**(१०) विद्यालय व्यवस्थापन समितिको सेवा सुविधा सम्बन्धमा ।**

**(क) विद्यालय व्यवस्थापन समितिको सेवा सुविधा तोके बमोजिम हुनेछ ।**

**२१. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :**

(१) कुनै विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी गाउँशिक्षा समितिले कारण सहित गाउँकार्यपालिकामा सिफारिस गरेमा सोको कारण खुलाई गाउँकार्यपालिकाले तोकिएको प्रकृया पुरा गराई विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिईने छ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भए पछी अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्मका लागि गाउँ शिक्षा समितिले अस्थाई व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**२२. विद्यालय संचालन कार्यविधि :**

(१) यो ऐन वा प्रचलित कानूनको अधिनमा रहेर विद्यालयको चौतर्फी विकासकोलागि विद्यालयले आवश्यक कार्यविधि बनाएर लागु गर्न सक्नेछ । त्यस्तो कार्यविधि विद्यालय व्यवस्थापन समितिले पास गरेको ७ दिन भित्र गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(२) गाउँपालिकाले गाउँपालिकाको शैक्षिक विकास गर्न नमुना विद्यालयको स्थापना गर्न वा भएका सामुदायिक विद्यालयहरु लाई नमुना विद्यालय छनौट गर्न सक्नेछ । नमुना विद्यालयलाई आवश्यक श्रोत साधन तथा स्वयम्सेवकहरुको व्यवस्था गाउँपालिकाले तोकिए बमोजिम गर्नेछ ।

*** नियम २० को उपनियम १० दोस्रो संशोधन थप गरिएको । (पहिलो संशोधन २०७७)**

परिच्छेद ६

**कोष, अनुदान,शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ति, विद्यालयलाई छुट र सुविधा सम्वन्धी व्यवस्था**

**२३. शिक्षा विकास कोष :**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्‍याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धी गर्न गाउँपालिकामा एउटा गाउँ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको कुल आम्दानीमध्ये तोकिए बमोजिम रकम

(ङ) चन्दाबाट प्राप्त रकम

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**२४. कोष संचालक समिति :**

(१) कोष संचालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको संचालक समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**२५. विद्यालय कोष :**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ , जसमा देहाय बमोजिमका स्रोतबाट रकम प्राप्त हुनेछ ।

(क) नेपाल सरकार प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) गाउँपालिका शिक्षा कोषबाट प्राप्त रकम,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(२) छात्रवृती तथा अन्य शैक्षिक कृयाकलापको लागि कुनै व्यक्तिले दान, चन्दा वा आर्थिक सहयोग गरेमा विद्यालयमा अक्षयकोष स्थापना गर्न सकिने छ । अक्षय कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको कोषको संचालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**२६. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षक,स्रोत र सुत्रको आधारमा गाउँपालिकाले सामुदायिक विदालयलाई अनुदान दिनेछ तर विद्यालयले तोकिए बमोजिम शैक्षिक गुणस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिईदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सक्नेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम तोकिए बमोजिम उपलब्ध गराउने छ ।

**२७.प्रारम्भिक बाल विकास केन्द्र :**

प्रारम्भिक बाल विकास केन्द्रलाई गाउँपालिकाले तोकिए बमोजिम अनुदान रकम दिन सक्नेछ ।

**२८. शुल्क सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकारले निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयहरुले विद्यार्थिहरुबाट कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) आधारभूत तह र माध्यमिक तह सम्म सबैलाई अनिवार्य र निशुल्क शिक्षा प्रदान गर्न गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निशुल्क घोषणा भएको विद्यालय बाहेकको अन्य माध्यमिक शिक्षामा अध्ययन गर्ने विद्यार्थीहरु संग तोकिएको आधारमा शुल्क लगाउन सक्नेछ ।

(५) विद्यालयले विद्यार्थीहरुलाई कुनै कक्षामा एक पटक भर्ना शुल्क लिई सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना हुदा शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना बनाउनको लागि विद्यार्थीहरु बाट कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयका विद्यार्थीहरु संग शुल्क लिदा गाउँपालिकाले तोकेको मापदण्ड भित्र रहेर शुल्क लगाउनु पर्नेछ । त्यसरी शुल्क लगाउनु अघि गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(८) यस ऐन विपरित कुनै विद्यालयले शुल्क लिएको देखिएमा गाउँपालिकाले फिर्ता गराउनेछ ।

(९) यस ऐन विपरित शुल्क लिएको देखिएमा गाउँपालिकाले रु पच्चिस हजार सम्म जरिवाना गर्न सक्नेछ ।

**२९. छात्रवृत्तिको व्यवस्था :** गाउँपालिकाले बिद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**३०. संस्थागत विद्यालयहरुले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशत नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित विद्यर्थीलाई छात्रवृती उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति पाउने विद्यार्थीहरु मा पाँच प्रतिशत गाउँपालिकाले तोकिए बमोजिम छनौट गरी पठाउनेछ भने पाँच प्रतिशत सम्बन्धीत विद्यालयले छनौट गर्नु पर्नेछ । छात्रवृत्तिको विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

**३१. विद्यालयको सम्पत्ति :**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन अर्न्तगत अनुमति वा स्वीकृति रद्द गरिएका कुनै विद्यालयमा गाभिएका सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले विद्यालयको प्रयोजनमा नआउने भएमा अर्को कामको लागि समेत प्रयोग गर्न सक्नेछ ।

(२) शैक्षिक गुठी अर्न्तगत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै सार्वजनिक शैक्षिक गुठीको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ ।

(३) कम्पनी अर्न्तगत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) नेपाल सरकारबाट स्वीकृति प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

## परिच्छेद ७

## दरबन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति, सरुवा र क्षमता बिकास सम्बन्धी व्यवस्था

**३२. दरबन्दी मिलान :**

१.आवश्यक मापदण्ड सहित विद्यार्थी / शिक्षक अनुपात निर्धारण गरी गाउँ शिक्षा समितिले शैक्षिक सत्रको अन्तमा आवश्यकताको आधारमा दरबन्दी मिलान गर्ने कार्य गर्नेछ ।

२.उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि शिक्षा समितिले आवश्याक ठानेमा जुनसुकै बेलामा पनि सरुवा र काज खटाउन सक्ने छ ।

**३३. शैक्षिक योग्यता :**

(१) विद्यालय शिक्षकहरुको शैक्षिक योग्यता देहायबमोजिम हुनेछ ,

(क) माध्यमिक तहको लागि स्नातकोत्तर तह उत्तिर्ण गरेको,

(ख) आधारभूत तहको लागि स्नातक तह उत्तिर्ण गरेको, कक्षा पाँच सम्मको प्राथमिक शिक्षकहरुको हकमा कक्षा बाह्र वा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको हुनु पर्नेछ ।

(ग) बालबिकास केन्द्रको सहयोगी कार्यकर्ताहरुको हकमा कक्षा बाह्र तथा सो सरह उत्तिर्ण गरेको हुनु पर्नेछ ।

(घ) सबै तहको पठन पाठन गर्नको लागि शिक्षक अध्यापन अनुमतिपत्र अनिवार्य हुनु पर्नेछ ।

(ङ) प्राविधिक शिक्षा अध्यापनको लागि प्रशिक्षकहरुको योग्यता तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि हाल सम्म विद्यालयमा अध्यापन गराईरहेका शिक्षकहरुको योग्यता भर्ना हुदाको बखत निर्धारण भए बमोजिम हुनेछ । तर त्यस्ता शिक्षकहरुले आफ्नो शैक्षिक योग्यता बढाउनु पर्ने छ ।

**३४. शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्ने :**

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी र शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३५. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयका शिक्षकहरुलाई अध्ययन अध्यापन कार्य गर्ने र विद्यालय प्रशासन सम्बन्धी कार्य बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सक्नेछ ।

**३६. अदालतको आदेशबाट पुन: बहाली हुन सक्ने :**

(१) दफा ४१ मा उल्लेख भएका कुनै आरोप वा केही आरोपमा सजाय भै नोकरीबाट हटाइएका वा निलम्बन भएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुन: बहाली भएको शिक्षक वा कर्मचारीले कानून बमोजिम हटेको दिन देखि वा पुन: बहाली भएको मितिबाट पुरा तलब , भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३७. शिक्षकको नियुक्ति, बढुवा र सरुवा सम्बन्धी व्यवस्था :**

(१) विद्यालयमा रिक्त अस्थायी, करार, अनुदानकोटा, राहतकोटा र बालबिकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्ति तोकिए बमोजिम हुनेछ ।

(२) गाउँपालिकाभित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी,करार, अनुदानकोटा, राहतकोटामा कार्यरत शिक्षकले सरुवा भएर जाने र आउने दुबै विद्यालयको व्यवस्थापन समितिको सहमति लिएमा कक्षा संचालनमा बाधा नपर्ने गरी गाउँ शिक्षा समितिले तोकिएको प्रकृया पुरा गरी रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै विद्यालयमा निरन्तर पाँच बर्ष सम्म सेवा गरेका शिक्षकहरुलाई गाउँ शिक्षा समितिले गाउँपालिकाभित्र एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दरबन्दि मिलानको क्रममा शिक्षकहरुलाई आवस्यकता अनुसार गाउँ शिक्षा समितिले सरुवा गर्न सक्ने छ ।

(५) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिस भएका शिक्षकलाई विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ । दरबन्दीमा करार शिक्षक नियुक्ति गर्दा शिक्षा सेवा आयोगको करार सूचीलाई प्राथमिकता दिईनेछ ।

(६) शिक्षकको बढुवाको लागि तोकिएको बमोजिम पद निर्धारण गरिनेछ ।

(७) अन्तर स्थानीय तह तथा अन्तर जिल्ला सरुवा सम्बन्धी मापदण्ड प्रदेश कानुन बमोजिम हुनेछ ।

**३८. तलब भत्ता नपाउने र सेवा अवधी गणना नहुने :**

दफा ३५ मा उल्लेखित अवस्थामा वा नियम अनुसार बिदा स्वीकृत गराई बसेको बाहेक विद्यालयमा अनुपस्थित् रहेका शिक्षकले गयल अवधिको तलब भत्ता पाउने छैनन् र सो अवधि सेवामा गणना समेत हुनेछैन ।

३९. प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था :

(१) प्रत्येक सामुदायिक र संस्थागत विद्यालयमा एक जना प्रधानाध्यापकको दरबन्दी रहनेछ ।

(२) सामुदायिक विद्यालयको प्रधानाध्यापक नियुक्ति गर्दा शैक्षिक योग्यता, वरिष्ठताको आधार, कार्यदक्षताको आधारमा गाँउ शिक्षा समितिले पाँच बर्षको लागि कार्ययोजना पेश गर्न लगाएर करार सम्झौता गर्नु पर्नेछ ।

(३) प्रधानाध्यापकको छनौट सम्बन्धी व्यवस्था तोकिएको बमोजिम हुनेछ ।

(४) उपदफा (१) र (२) अनुसार नियुक्ति हुने प्रधानाध्यापक तथा कर्मचारीको सेवा , सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. शिक्षक महासंघ सम्बन्धी व्यवस्था :

(१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेसागत हकहितको लागि गाउँपालिकामा तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ ।

४१. शिक्षक तथा कर्मचारीहरुको पदीय आचरण तथा अन्य व्यवस्था :

(१) देहायको अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले वडा कार्यालय मार्फत गाउँशिक्षा समितिमा पदबाट हटाउनको लागि सिफारिस गर्न सक्नेछ । सो उपर अनुगमन समितिको प्रतिवेदन र गाउँशिक्षा समिति निर्णयको आधारमा गाउँकार्यपालिकाले सेवाबाट हटाउने वा बर्खास्त गर्न सक्नेछ ।

(क) तोकिएको पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सूचना लगातार १५ दिन भन्दा बढी समय सम्म विद्यालयमा अनुपस्थित भएमा ,

(ग) नैतिक पतनहुने कुनै फौजदारी अभियोग लागेर अदालतबाट सजाय पाएमा,

(घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(ङ) शिक्षक कर्मचारी कुनै राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(च) कार्यालय समयमा कुनै पनि सरकार तथा राजनैतिक दलको विरोध वा समर्थनका कुनै पनि गतिविधिमा संलग्न भएको पाइएमा ।

(२) उपदफा (१) अनुसार कुनै पनि शिक्षक वा कर्मचारीहरुलाई हटाउनु वा बर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टीकरणको मौकाबाट बन्चित गरिने छैन ।

४२. शिक्षण सिकाई, शिक्षक तथा कर्मचारीको तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :

(१) शिक्षक तथा कर्मचारीहरुको वृतिबिकासको लागि शिक्षण सिकाई, तालिम तथा अन्य शैक्षिक कृयाकलाप सम्बन्धी क्षमता अभिवृद्धी तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ८
## विविध

**४३. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने :**
विद्यालयमा स्वतन्त्र र भयरहित वातावरणमा अध्ययन, अध्यापन गर्ने तथा विद्यालय क्षेत्रभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरि विद्यालयलाई सुरक्षित शान्ति क्षेत्र कायम गर्नु पर्नेछ ।

**४४. बालबालिकाहरुलाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**
(१) कुनै पनि बालबालिकाहरुलाई विद्यालयबाट निश्कासन गर्न पाइनेछैन ।
(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन ।

**४५. प्रगति विवरण बुझाउनु पर्ने :**
सामुदायिक तथा संस्थागत विद्यालयहरुले प्रत्येक बर्ष तोकिए बमोजिम प्रगति विवरण गाउँ शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

**४६. दण्ड सजाय :**
(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना गरेमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम बिगो असुल गरी जरिवाना गर्न सक्नेछ ।
(२) कसैले देहाय बमोजिमको कार्य गरेमा वा गर्न लगाएमा प्रचलित कानून बमोजिम कसुरको मात्रा हेरी कानूनले तोके बमोजिमको सजाय हुनेछ ।
(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,
(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही गरेमा वा गैर जिम्मेवारपुर्ण कार्य गरेमा,
(ग) परीक्षार्केन्द्रमा अनधिकृत प्रवेश गरेमा वा परीक्षाकेन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्यगरेमा,
(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा
(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,
(च) अनुमति नलिएर कुनै पनि शिक्षण संस्था खोलेमा,
(छ) कानून विपरित कुनै अन्य कार्य गरेमा ।
(३) कानून बमोजिमको कुनै कसुर गरी जिल्ला अदालतमा फौजदारी मुद्दा दायर भएमा कुनै पनि शिक्षक कर्मचारी त्यसरी मुद्दा दर्ता भएको दिन देखी फैसला नभए सम्मको लागि निलम्बित हुनेछ ।

**४७. पुनरावेदन :**

तोकिएको अधिकारीले वा न्यायिक समितिको आदेश वा फैसला उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**४८. गाउँपालिकाले आवश्यक निर्देशन दिन सक्ने :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका शिक्षा संग सम्बन्धीत संघ संस्थाहरु, विद्यालय तथा यस ऐन अनुसार स्थापना भएका निकायहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) अनुसार दिएको निर्देशनको पालना गर्ने कर्तव्य सम्बन्धीत निकायको हुनेछ ।

**४९. नियम बनाउने अधिकार :**

(१) यस ऐनको कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आवश्यक नियमावली बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**५०. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनि व्यवस्था गरेकोमा नियमावली नआए सम्म गाउँ कार्यपालिकाले निर्णय गर्नेछ ।

**५१. विज्ञापनको अनुमति दिने :**

यो ऐन जारी भएपछि विद्यालयमा रिक्त दरबन्दीमा विज्ञापनको अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

**५२. बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५३. बचाउ तथा खारेजि**

(१) यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियमावलीमा लेखिएको कुरा सोही बमोजिम र नलेखिएको कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संबिधान, संघीय कानून तथा प्रदेश कानून सँग यस ऐनको कुनै दफा उपदफाहरु बाझिएमा बाझिएको हद सम्म स्वत: निष्क्रिय हुनेछ ।

(३) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिदै आएको सुबिधामा कुनै किसिमको कटौती गरिनेछैन । तर यस कानून बमोजिम दण्ड सजाय कारवाही गर्न बाधा पर्ने छैन ।

(४) यो ऐन प्रारम्भ पछि स्थानीय शिक्षा ऐन २०७४ खारेजि भएको मानिने छ ।

प्रमाणीकरण गर्नेको

नाम : धर्मानन्द सिंह मन्याल

पद: अपिहिमाल गाउँपालिका अध्यक्ष